धादिङ जिल्लाबाट प्रकाशित पहिलो दैनिक
जि. प्र. का. दर्ता नं. ०६/०६१/०६२ जि. हु. का. दर्ता नं. ०६/०६९/७०

# प्रत्यूष
National Daily राष्ट्रिय दैनिक

ग्राहक बन्नु परेमा
पत्रिका नियमित नआएमा
ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो भएमा कल गर्नु पर्दैन ।
९८५११२०८५०
भाइबरमा SMS मात्र गर्नुहोस्
"हामी यता बाट कल गर्छौं"

स्क्यान गर्नुहोस्
ई-पेपर हेर्नका लागि

वर्ष २३, अङ्क २५ ◆ २०८३ साउन २५ गते सोमबार, Monday, August 10, 2026 ◆ ने सं ११४६ ◆ धादिङ ◆ Pratyus National Daily ◆ पृष्ठ ४ ◆ मूल्य रु. ५/-

## सरकारलाई जिम्मेवार बनाउने गरी प्रमुख प्रतिपक्षीको भूमिका निर्वाह गरिरहेका छौँः सभापति थापा

प्रत्यूष समाचारदाता

पाटन । नेपाली कांग्रेसका सभापति गगनकुमार थापाले सरकारलाई जिम्मेवार बनाउने गरी प्रमुख प्रतिपक्षीको भूमिका निर्वाह गरिरहेका बताउनुभएको छ ।

पार्टीको केन्द्रीय कार्यालयमा आइतबारदेखि सुरु भएको केन्द्रीय समितिको बैठकलाई सम्बोधन गर्दै सभापति थापाले नेपाली कांग्रेस प्रमुख प्रतिपक्षी भएकाले सरकारमाथि प्रश्न गर्ने आफूहरुको जिम्मेवारी भएको बताउनुभयो ।

"जब राष्ट्रिय मुद्दाहरूमा आउँछौं, जहाँ सरकारसँग सहकार्य गर्नुपर्ने हुन्छ, त्यो बेलामा सबैभन्दा अगाडि प्रमुख प्रतिपक्षी दल सर्नुपर्छ, सँगसँगै हाम्रो अर्को जिम्मेवारी पनि छ, हामी प्रतिपक्ष हौं, त्यसैले सरकारमाथि प्रश्न गर्ने हाम्रो जिम्मेवारी हो, तीन दल मिलेर सरकार बनाऔंभन्दा हामीले प्रतिपक्षीविहीन प्रदेश सरकारको अस्वीकार गरेका हौं", सभापति थापाले भन्नुभयो। सभापति थापाले नेपाली कांग्रेस पार्टीभित्र सम्पन्न भएको विशेष महाधिवेशन पूर्ण रूपमा विधानसम्मत, आवश्यक र औचित्यपूर्ण थियो भन्नुभयो ।

"महाधिवेशन सफलतापूर्वक सम्पन्न भएपछि यसले एउटा स्पष्ट निष्कर्ष निकालेको थियो, सोही निष्कर्ष र परिणामलाई लिएर हामी निर्वाचन आयोगमा उपस्थित भयौं, निर्वाचन आयोगले नेपालको प्रचलित कानुन, निर्वाचनसम्बन्धी नियमहरू र आफ्नै आन्तरिक प्रशासनिक व्यवस्थाअनुसार पार्टीको महाधिवेशनबाट आएको नतिजालाई अध्ययन गऱ्यौं । आयोगले उक्त परिणामलाई आधिकारिक रूपमा स्वीकार गर्दै बुझ्यो र सोहीअनुसार पार्टीको विवरण अद्यावधिक गऱ्यो । यससँगै निर्वाचन आयोगको प्रक्रिया पूरा भयो", सभापति थापाले भन्नुभयो ।

सभापति थापाले महाधिवेशनको प्रक्रिया र परिणामलाई लिएर पार्टीका केही साथीहरूले पूर्ण असहमति व्यक्त गर्नुभएको विषय पुनः अदालतमा प्रवेश गरेको भन्दै यसले थप प्रष्ट पार्ने बताउनुभयो ।



"आयोगको निर्णयमाथि उठेका केही प्रश्नहरूमाथि पुनः एकपटक छलफल होस् भन्ने मनसायका साथ यो विषय पुनः अदालतको प्रक्रियामा पुगेको हो", उहाँले भन्नुभयो । सभापति थापाले १५औं महाधिवेशनलाई निष्पक्ष बनाउन अग्रजहरूको सम्मान र सबै साथीहरूलाई समान अधिकार दिइनेछ भन्ने जानकारी गराउनुभयो । उहाँले दबाबमा नपरी, पुराना र नयाँ पुस्ताका साथै सबै समावेशी समुदायलाई समेटेर रुख चिन्हप्रति प्रतिबद्ध रही पार्टी एकजुट बनाउनुपर्छ भन्नेमा जोड दिनुभयो ।

## धादिङको ज्वालामुखीलाई २०८५ भित्र पूर्ण सरसफाइ उन्मुख क्षेत्र बनाउने लक्ष्य

प्रत्यूष समाचारदाता

धादिङबेशी । ज्वालामुखी गाउँपालिकाले आगामी २०८५ चैत २९ गतेसम्म पालिकालाई पूर्ण सरसफाइ उन्मुख क्षेत्र बनाउने लक्ष्यसहित रणनीतिक योजना तयार गरेको छ । गाउँपालिकाले साउन २३ र २४ गते आयोजना गरेको दुईदिने कार्यशालाबाट पूर्ण सरसफाइ उन्मुख क्षेत्र निर्माणको कार्यदिशा तय गर्नुका साथै नमुना ज्वालामुखी ग्रामीण खानेपानी, सरसफाइ तथा स्वच्छता व्यवस्थापन बोर्डको कार्यप्रगति समीक्षा गरेको हो ।

गाउँपालिकाले यसअघि 'मिसन २०८२, सफा र स्वच्छ क्षेत्र' अभियानअन्तर्गत ज्वालामुखीलाई नमुना सफा तथा स्वच्छ क्षेत्र घोषणा गरेको थियो । प्राप्त उपलब्धिलाई संस्थागत गर्दै दोस्रो चरणमा पूर्ण सरसफाइ उन्मुख पालिका निर्माण गर्ने लक्ष्य राखिएको गाउँपालिकाका अध्यक्ष यमनाथ दनैले बताउनु भयो । गाउँपालिका अध्यक्ष यामनाथ दनैको अध्यक्षतामा सम्पन्न कार्यशालामा उपाध्यक्ष धर्म बहादुर अर्याल, प्रमुख प्रशासकीय अधिकृत हरेराम शाह, वडाध्यक्ष तथा अन्य जनप्रतिनिधि, विषयगत शाखा प्रमुख, स्वास्थ्य संस्था प्रमुख, विद्यालय वास समितिका संयोजक, टोल विकास संस्था तथा खानेपानी तथा सरसफाइसम्बन्धी समितिका प्रतिनिधिको सहभागिता थियो । खानेपानी तथा ढल व्यवस्थापन विभागका डा. रजित ओझासहित विभिन्न विकास साझेदार संस्थाका प्रतिनिधि पनि कार्यक्रममा सहभागी थिए । कार्यशालामा हालसम्म बोर्डमार्फत प्रवाह भएका सेवाको समीक्षा गर्दै सुधार गर्नुपर्ने क्षेत्र तथा आगामी कार्ययोजनाबारे छलफल गरिएको थियो ।

## विद्युत् लैजान निकुञ्जमा तार भूमिगत गरिँदै

चितवन । चितवन राष्ट्रिय निकुञ्जको आठ किलोमिटर क्षेत्रमा विद्युतीय तार भूमिगतको काम अघि बढेको छ । नेपाल विद्युत् प्राधिकरण बागमती प्रदेश डिभिजन कार्यालयले बोलपत्र आह्वान गरी ठेक्का सम्झौता गरेसँगै काम अघि बढेको हो ।

करिब रु १७ करोड ८६ लाखको लागतमा २५ मेघावाट विद्युत् प्रवाह हुने गरी शारदा एण्ड सुम्नीमा भिसान जेभीले काम अघि बढाएको हो । अहिले भएको भूमिगत विद्युतीकरणमा पटकपटक समस्या आएपछि पुनः नयाँ भूमिगत विद्युतीकरण गर्न लागिएको विद्युत् प्राधिकरण बागमती प्रदेश डिभिजन कार्यालयले जनाएको छ ।

पहिलाको भूमिगत विद्युतीकरणमा राखिएको तार आठ मेघावाटको हुँदा समयसमयमा समस्या आउने गरेको कार्यालयका प्रमुख जितेन्द्रकुमार झाले बताउनुभयो । उहाँका अनुसार पुरानो ठाउँबाट नभई नयाँ भूमिगत विद्युतीकरण गर्न लागिएको हो ।

समयसमयमा विद्युत् प्रवाहमा समस्या आउने र समस्या पहिचान गर्न लामो समय लाग्ने हुँदा नयाँ भूमिगत विद्युतीकरण गर्न लागिएको उहाँले जानकारी दिनुभयो । ठेक्का सम्झौतासँगै ठेकेदार कम्पनीले भूमिगत विद्युतीकरणका लागि नक्साङ्कनको काम सम्पन्न गरेर २५ मेघावाटको विद्युत् प्रवाह गर्न सक्ने तारको खरिद प्रक्रियामा रहेको कार्यालयका प्रमुख झाले उल्लेख गर्नुभयो । वर्षात सकिएसँगै कामले तीव्रता पाउने उहाँले बताउनुभयो ।

माडीमा नेपाल विद्युत् प्राधिकरण चनौली वितरण केन्द्रले विद्युत् प्रवाह गर्दै आएको छ । जहाँ ११ हजार ७०० ग्राहक रहेको वितरण केन्द्रका प्रमुख रुद्रराज बिष्टले जानकारी दिनुभयो । उहाँका अनुसार घरायसी एवं सिँचाइको प्रयोजनका लागि ती ग्राहक रहेका छन् ।

जिल्लाका माडी नगरपालिकाई चारैतिर जङ्गलले घेरेको छ । धेरैजसो भागमा चितवन राष्ट्रिय निकुञ्ज पर्दछ । माडीवासी सदरमुकाम भरतपुर आउजाउ गर्न निकुञ्जकै बाटो प्रयोग गर्नुपर्दछ । गत वैशाख ७ गते नौ महिनाभित्र काम सम्पन्न गर्ने गरी ठेक्का सम्झौता पछि काम अघि बढेको हो ।

## धादिङ बार एसोसिएसनको अध्यक्षमा अधिवक्ता रामचन्द्र भट्ट चयन

प्रत्यूष समाचारदाता

धादिङबेशी । धादिङ जिल्ला अदालत बार एसोसिएसनको अध्यक्षमा अधिवक्ता रामचन्द्र भट्ट निर्वाचित भएका छन् । शनिबार बेनिघाट रोराङ गाउँपालिका-७, चैलीङ सम्पन्न एसोसिएसनको ३८ औं वार्षिक साधारणसभा तथा २१ औं अधिवेशनले भट्टको नेतृत्वमा नयाँ कार्यसमिति चयन गरेको हो ।



अधिवेशनबाट उपाध्यक्षमा अधिवक्ता रामकृष्ण अधिकारी, सचिवमा अधिवक्ता खिल गिरी, कोषाध्यक्षमा अधिवक्ता गोपी अर्याल र सह-सचिवमा अधिवक्ता अम्बिका घिमिरे निर्वाचित भएका छन् । त्यस्तै, कार्यसमिति सदस्यमा अधिवक्ता विश्वराज अधिकारी, टंककुमार श्रेष्ठ र दिनेश दुवाडी चयन भएका छन् ।

धादिङ जिल्ला अदालत बार एसोसिएसन जिल्लामा क्रियाशील कानून व्यवसायीहरूको पेशागत संस्था हो । नयाँ कार्यसमितिले कानून व्यवसायीको पेशागत हकहित, न्यायिक क्षेत्रसँगको समन्वय तथा बार र बेन्चबीचको सम्बन्धलाई प्रभावकारी बनाउने विषयमा काम गर्ने अपेक्षा गरिएको छ ।

## नागरिक, नीति र नेतृत्व कार्यक्रममा रास्वपा

काठमाडौं । सत्तारूढ राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले पार्टीका तर्फबाट सरकारमा सहभागी भएका मन्त्रीहरू महिनामा कम्तीमा एकपटक अनिवार्य रूपमा केन्द्रीय पार्टी कार्यालयमा उपस्थित भई नागरिक र पार्टी पङ्क्तिसँग प्रत्यक्ष संवादमा आउनुपर्ने कार्यक्रम तय गरेको छ ।

लोकतन्त्रको मर्म निर्वाचित नेतृत्व निरन्तर नागरिकको निगरानी, सुझाव र सम्पर्कमा रहनुपर्ने भएकाले जनउत्तरदायी, पारदर्शी र परिणाममुखी राजनीतिक संस्कारको विकास गर्न रास्वपाले आगामी भदौदेखि 'नागरिक, नीति र नेतृत्व' कार्यक्रम सुरु गर्न लागेको हो । रास्वपाका सहमहामन्त्री असिम शाहले आज विज्ञप्तिमार्फत जारी गरेर भुइँमान्छेका आवाजलाई सिधै राज्यको नीतिनिर्माण र कार्यान्वयनको तहसम्म जोड्ने पुलको काम गर्न यो कार्यक्रम सञ्चालन गर्न लागिएको जानकारी दिनुभएको हो । दोस्रो चरणमा मन्त्री, पार्टीका केन्द्रीय समिति सदस्य र प्रतिनिधिसभा सदस्यबीच संयुक्त बैठक बसेर पहिलो चरणमा नागरिकबाट प्राप्त सुझावका आधारमा देशका समसामयिक, बहुआयामिक र नीतिगत नागरिक, सरकार (मन्त्री), व्यवस्थापिका (सांसद) र सङ्गठन (केन्द्रीय समिति) बीचको समन्वयलाई चुस्त बनाउँदै नागरिकका मुद्दालाई प्रभावकारी ढङ्गले सम्बोधन गर्ने सम्बन्धमा साझा रणनीति तय गर्न यो कार्यक्रम तय गरिएको विज्ञप्तिमा जनाइएको छ ।

## धुन्चेमा ग्यास आपूर्ति व्यवस्थापनका लागि आकस्मिक अनुगमन

रसुवा । ग्यास आपूर्ति व्यवस्थापनलाई सहज बनाउन र बजारमा हुनसक्ने अनियमितता रोक्नका लागि रसुवाको गोसाइँकुण्ड गाउँपालिका-६ स्थित धुन्चे बजारमा बजार अनुगमन गरिएको छ । जिल्ला बजार अनुगमन समितिद्वारा शनिबार साँझ आकस्मिक रूपमा बजारको विशेष अनुगमन गरेको हो ।

सहायक प्रमुख जिल्ला अधिकारी समेत रहनुभएका जिल्ला बजार अनुगमन समितिका संयोजक द्रुवप्रसाद अधिकारीका अनुसार धुन्चे बजारमा ग्यासको अभाव देखाएर लुकाइछिपाइ राखेका छन् भन्ने स्थानीयको गुनासोका आधारमा गोसाइँकुण्ड-६ धुन्चे बजारमा समितिको नेतृत्वमा नेपाल प्रहरी तथा स्थानीय प्रशासनको सक्रिय



सहभागितामा अनुगमन गरिएको हो । बजारमा खाना पकाउने एलपी ग्यासको उपलब्धता असहज बनाई अभाव देखाएर बढी मूल्यमा ग्यास बिक्री गर्नेलाई रोकेर उपभोक्तालाई ठगीबाट जोगाउन र व्यापारीलाई व्यावसायिक आचारसंहिता पालना गर्न सचेत गराइएको समितिका संयोजक अधिकारीले जानकारी दिनुभयो । शनिबारको बिदाका दिन उपभोक्ताको हितलाई ध्यानमा राख्दै अनुगमन टोलीले बजारका विभिन्न ग्यास डिपो तथा किराना पसलको निरीक्षण गरेको थियो । अनुगमनका क्रममा ग्यास सिलिन्डरको मौज्दात, मूल्य र बिक्री वितरणको अवस्थाबारे जानकारी लिइएको थियो । यस किसिमको अनुगमनले बजारमा कृत्रिम अभाव सिर्जना हुन नदिने र बजार अनुशासन कायम राख्न मद्दत पुग्ने विश्वास गरिएको छ ।

सम्पादकीय ....

## प्रविधिलाई व्यबहारिक बनाउनुपर्ने

दैनिक कामलाई छिटो, सहज र प्रभावकारी बनाउन एआईले ठूलो भूमिका खेल्न सक्छ । रिपोर्ट तयार पार्ने, डाटा विश्लेषण गर्ने, प्रस्तुतीकरण (प्रेजेन्टेसन) बनाउने, सूचना व्यवस्थापन गर्ने तथा नियमित प्रशासनिक कामलाई छिटो र गुणस्तरीय बनाउन यसको प्रयोग बढिरहेको छ । जसरी मोबाइल फोनले मानिसको जीवनलाई सहज बनाएको छ, त्यसरी नै एआई पनि काम गर्ने शैली परिवर्तन गर्ने एउटा शक्तिशाली उपकरणका रूपमा विकसित हुँदै गएको छ ।

यही आवश्यकतालाई ध्यानमा राख्दै एआई शिक्षा र डिजिटल लिडरसिपका कार्यक्रमको उद्देश्य प्रविधि सिकाउने मात्र होइन, एआईका विभिन्न टुल्स प्रयोग गरेर व्यवसायको उत्पादकत्व बढाउने, दैनिक कामलाई सहज बनाउने, बढी प्रतिफल प्राप्त गर्ने तथा अरूभन्दा बढी प्रभावकारी र नतिजामुखी बन्ने सिप विकास गर्नु हो ।

डिजिटल लिडरसिपले संस्था र व्यवसायलाई डिजिटल माध्यमबाट कसरी रूपान्तरण गर्ने, सञ्चालन प्रणालीलाई कसरी डिजिटाइज गर्ने र प्रतिस्पर्धी बनाउने भन्ने विषयमा केन्द्रित हुन्छ ।

विश्वका धेरै मुलुकमा एआईको प्रयोग विभिन्न क्षेत्रमा भइसके पनि नेपालमा यसको प्रयोग अझै च्याटजिपिटीबाट सामग्री लेख्ने वा भाषण तयार पार्ने सीमित अभ्यासमै केन्द्रित देखिन्छ । यसभन्दा बाहिर गएर एआईलाई व्यावसायिक, व्यवस्थापकीय र औद्योगिक काममा कसरी प्रयोग गर्ने भन्ने ज्ञान र अभ्यासको नितान्त अभाव छ ।

नेपालमा अधिकांश संस्थाले एआईका नाममा अनलाइन वा सैद्धान्तिक कक्षा सञ्चालन गरिरहेका छन् । तर, विद्यार्थीले प्रत्यक्ष अभ्यास गर्न सक्ने भौतिक एआई ल्याबको व्यवस्था लगभग छैन । अनलाइन भर्चुअल ल्याबहरू उपलब्ध भए पनि ती प्रयोग गर्न महँगा पर्न सक्छन् र सबै विद्यार्थीका लागि सहज हुँदैनन् । त्यसैले, आफ्नै भौतिक एआई ल्याब स्थापना गरेर विद्यार्थीलाई प्रत्यक्ष अभ्यास गराउनु आवश्यक छ । आवश्यक परेमा विद्यार्थीले अनलाइन भर्चुअल ल्याबको सुविधा पनि प्रयोग गर्न सक्नेछन् ।

अहिले कम्प्युटरको भौतिक क्षमता सीमित भए पनि क्लाउड प्रविधिमार्फत आवश्यकताअनुसार भर्चुअल कम्प्युटिङ स्रोत प्रयोग गर्न सकिन्छ । त्यसैले, एआई शिक्षामा सिद्धान्त पढाउनु मात्र पर्याप्त हुँदैन । विद्यार्थीले ल्याबमै बसेर कम्प्युटरमा अभ्यास गर्दै परिणाम आफैं अनुभव गर्न सक्ने वातावरण निर्माण गर्नुपर्ने आवश्यकता छ ।

नयाँ प्रविधि प्रयोग गर्दा सुरुमा डर लाग्नु स्वाभाविक हो । त्यसैले, विद्यार्थीलाई प्रविधिसँग सहज बनाउन प्रत्यक्ष अभ्यासको वातावरण महत्वपूर्ण मानिन्छ । ल्याबमा बसेर प्रयोग गर्दा उनीहरूले आफ्नै प्रयासबाट सिक्ने अवसर पाउँछन् । पहिलो प्रयास सफल नभए पनि निरन्तर अभ्यासबाट सिप विकास हुँदै जान्छ ।

एआईलाई व्यवस्थापन शिक्षासँग जोडेर पढाउँदा यसको माग बजारमा स्वतः सिर्जना हुने विश्वास गरिएको छ । सही सिप भएको व्यक्तिले उद्योगमा आफ्नो आवश्यकता आफैं निर्माण गर्न सक्छ ।

### पाठक वर्गमा अनुरोध

धादिङ जिल्लाबाट प्रकाशन हुँदै आएको धादिङ जिल्लाको पहिलो राष्ट्रिय दैनिक पत्रिका **"प्रत्यूष राष्ट्रिय दैनिक** तपाईलाई कस्तो लाग्दैछ ? तपाईहरुको सल्लाह, सुझावको लागि अपेक्षा गर्दछौं । तपाईहरुको लेख, रचना,प्रकाशन गर्नुपर्ने सूचना तथा विज्ञापन भए हामीलाई इमेल मार्फत पठाउन सक्नु हुनेछ । तपाईहरुले पठाउनुभएको लेख रचनालाई प्राथमिकताको साथ प्रकाशन गर्नेछौं ।

प्रत्यूष National Daily राष्ट्रिय दैनिक
**नीलकण्ठ -३, धादिङबेसी,**
**फोन ०१०-५२१४३०,९८५११२०८५०**
Email : pratyushdainik@gmail.com

## पर्यटन नीति एकातिर, बजेटको बाटो अर्कैतिर

टिकाराम सुनार

खप्तडका फाँटमा घाम झुल्किँदा पहाडका काखमा फैलिएको हरियालीले पर्यटकलाई बोलाउँछन् । अपि र साइपाल हिमालका सेता चुचुराले प्राकृतिक सौन्दर्यको कथा सुनाउँछन् । बडिमालिकाको आफ्नै धार्मिक महिमा छ । शुक्लाफाँटामा बाह्रसिङ्गाको बथान दौडिन्छ । रामारोशनका तालमा हिमालको छायाँ देखिन्छ भने घोडाघोडी तालमा चराको चिरबिरसँगै पर्यटनको सम्भावना पनि सुनिन्छ ।

त्रिपुरासुन्दरी, उग्रतारा, बैद्यनाथधाम, परशुरामधाम, मल्लिकार्जुनलगायत ऐतिहासिक तथा धार्मिक सम्पदा, पहाडी-हिमाली गाउँका मौलिक जीवनशैली, पदयात्रा, जलपर्यटन र साहसिक गतिविधि सुदूरपश्चिमको पर्यटन विकासका बलिया आधार हुन् । यी सम्भावनालाई सरकारले पनि वर्षौंदेखि आर्थिक समृद्धि, रोजगारी र उद्यमशीलतासँग जोडेर व्याख्या गर्दै आएको छ ।

आर्थिक सर्वेक्षणले पर्यटनलाई प्रदेशको विकासको प्रमुख सम्भावनाका रूपमा औंल्याएको छ । प्रदेशमा छुट्टै पर्यटन ऐन बनेको छ । पर्यटन गुरुयोजना तयार भएको छ । वार्षिक कार्यक्रम कार्यान्वयन कार्यविधिले पनि समुदायमा आधारित पर्यटन, होमस्टे, गन्तव्य प्रवर्द्धन र पर्यटकमैत्री पूर्वाधारलाई प्राथमिकता दिएको छ, तर नीति र योजनाले देखाएको बाटो र प्रदेश सरकारको बजेट कार्यान्वयनको तस्बिर भने फरक छ ।

प्रदेश सरकारले पर्यटनलाई उद्योग, रोजगारी र स्थानीय अर्थतन्त्रसँग जोड्ने लक्ष्य राखे पनि पर्यटन क्षेत्रका लागि विनियोजित बजेटको ठूलो हिस्सा अझै पनि छरिएका पूर्वाधार तथा संरचना निर्माणमै केन्द्रित छ । यस्ता कार्यले पर्यटन अर्थतन्त्र निर्माणमा सहयोग गर्न नसकिरहेको सरोकार भएकाहरूको भनाइ छ ।

बजेटको ठूलो हिस्सा संरचनामै

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको आर्थिक वर्ष २०८२/८३ को पर्यटन क्षेत्रसम्बन्धी योजनाले यही अन्तरलाई देखाउँछ । मन्त्रालयले गत वर्ष पर्यटन क्षेत्रअन्तर्गत पूर्वाधार योजना तथा रोजगारी, क्षमता अभिवृद्धि तथा संस्थागत विकास, पर्यटन प्रवर्द्धन तथा प्रचारप्रसार र पर्यटकीय वस्तु तथा सेवा विस्तारका कार्यक्रम सञ्चालन गरेको थियो ।

ती कार्यक्रमका लागि रु ४६ करोड ३० लाख विनियोजन गरिएको थियो, तर विनियोजनको ठूलो हिस्सा पूर्वाधारमै खर्च भयो । पूर्वाधारतर्फ २९९ योजना कार्यान्वयनमा थिए । तीमध्ये धेरै योजना धार्मिक संरचनासँग सम्बन्धित थिए । मन्त्रालयको विवरणअनुसार १३३ मन्दिर, छ क्रिश्चियन मण्डली, दुई मस्जिद, एउटा थारू देउथान मरुवा, आठ धर्मशाला, एउटा मूर्ति निर्माण र २२ धार्मिक क्षेत्र घेरापर्खाल गरी धार्मिक क्षेत्रसँग सम्बन्धित १७४ योजना थिए ।

यी योजनामा रु २७ करोड दुई लाख खर्च भएको छ । यसले पूर्वाधारतर्फको खर्चको ठूलो हिस्सा अर्थात् ६०.२४ प्रतिशत रकम धार्मिक संरचनामा केन्द्रित भएको देखिन्छ । मन्दिर निर्माणमा मात्रै रु १८ करोड ६१ लाख खर्च भएको मन्त्रालयको विवरण छ, जुन कुल पर्यटन बजेटको करिब ३७ प्रतिशत हो ।

यस्तै, थारू देउथान तथा मरुवा निर्माणमा रु एक करोड ५० लाख, धर्मशाला निर्माणमा रु दुई करोड १० लाख, धार्मिक क्षेत्र व्यवस्थापन तथा घेरापर्खालमा रु दुई करोड ७३ लाख र मस्जिद निर्माणमा रु ४० लाख खर्च भएको छ । धार्मिक सम्पदामा गरिएको लगानीलाई पर्यटन विकासको महत्त्वपूर्ण हिस्सा मानिएको छ, तर त्यो लगानीले पर्यटकको आगमन, बसाइ, खर्च, स्थानीय उत्पादनको बिक्री र रोजगारी बढाउने पर्यटन चक्र निर्माण गर्न कति योगदान गर्‍यो भन्ने लेखाजोखा बाँकी छ ।

सेवा विस्तारमा थोरै लगानी

गत वर्ष पदमार्ग निर्माणका ६३ योजनामा रु आठ करोड २० लाख खर्च भएको छ । पर्यटकीय पार्क निर्माणका १८ योजनामा रु दुई करोड ९० लाख, सामाजिक भवन निर्माणका नौ योजनामा रु एक करोड ७३ लाख र ट्रस भवन निर्माणमा रु एक करोड १५ लाख खर्च भएको मन्त्रालयको विवरणमा उल्लेख छ । पदमार्ग, पार्क, धार्मिक सम्पदा र पर्यटकीय पूर्वाधार पर्यटनका लागि आवश्यक संरचना हुन्, तर संरचना निर्माणमात्रै पर्यटन उद्योगको आधार बन्न नसक्ने यस क्षेत्रका जानकारहरूको भनाइ छ ।

पर्यटक कुनै गन्तव्यमा पुगेर कति समय बस्छ, के खान्छ, स्थानीय उत्पादन के किन्छ, कुन सेवा प्रयोग गर्छ र त्यसबाट स्थानीय समुदायले कति आम्दानी गर्छ भन्ने विषयले पर्यटन अर्थतन्त्रको वास्तविक प्रभाव निर्धारण गर्ने नेपाल एसोसिएसन अफ टुर एन्ड ट्राभल एजेन्ट्स (नाट्टा) सुदूरपश्चिमका अध्यक्ष पदमविक्रम सिंहको भनाइ छ । प्रदेशको हालको पर्यटन विकास प्राथमिकताले दीर्घकालीन पर्यटन अर्थतन्त्र निर्माणमा पर्याप्त योगदान गर्न नसक्ने उहाँ बताउनुहुन्छ ।

"सरकारको लगानीले समग्र प्रदेशको विकासमा कति योगदान गर्छ भन्ने लेखाजोखा गरेर योजना बनाइनुपर्छ । हालको विकास अभ्यासले तजबिजका आधारमा बजेट विनियोजन गर्ने प्रवृत्ति देखिन्छ । यसले पर्यटन क्षेत्रको दीर्घकालीन विकासमा योगदान गरिरहेको छैन", सिंहले भन्नुभयो ।

सरकारले आफ्नै पर्यटन गुरुयोजना, नीति र अन्य प्रदेशले गरेका असल अभ्यासलाई आधार बनाएर लगानीको प्राथमिकता निर्धारण गर्नुपर्नेमा सिंह जोड दिनुहुन्छ । "कसले के स्वार्थले माग राख्यो, त्यो मागको आवश्यकता के हो ? त्यसले पर्यटन विकासको प्राथमिकतासँग मेल खान्छ कि खाँदैन भनेर विश्लेषणपछि मात्रै कार्यान्वयन गरिनुपर्छ । हाल त्यस्तो भइरहेको छैन", उहाँले भन्नुभयो ।

'नीतिले खोजेको यस्तो होइन'

सुदूरपश्चिम प्रदेश पर्यटन ऐन, २०७७ ले पर्यटनलाई आर्थिक विकास, रोजगारी सृजना, निजी लगानी, प्राकृतिक तथा सांस्कृतिक सम्पदाको संरक्षण र दिगो पर्यटन विकासको माध्यमका रूपमा परिकल्पना गरेको छ ।

पर्यटन गुरुयोजनाले पनि साहसिक पर्यटन, धार्मिक पर्यटन, प्रकृतिमा आधारित पर्यटन, निजी क्षेत्रको साझेदारी र स्थानीय समुदायको सहभागितामार्फत पर्यटन अर्थतन्त्र विस्तार गर्ने लक्ष्य लिएको छ । वार्षिक कार्यक्रम कार्यान्वयन कार्यविधिले समुदायमा आधारित पर्यटन, होमस्टे, पर्यटन प्रवर्द्धन, गन्तव्य विकास, पर्यटकमैत्री पूर्वाधार तथा सेवा विस्तारलाई प्राथमिकतामा राखेको छ ।

आर्थिक सर्वेक्षण २०८२/८३ ले समेत सेवा क्षेत्रको विस्तार र रोजगारी सृजनामा पर्यटनको योगदान बढाउनुपर्ने आवश्यकता औंल्याएको छ, तर बजेटको वास्तविक संरचना हेर्दा नीति र योजनाअनुसार छैन । होमस्टे प्रवर्द्धन तथा भवन निर्माणका लागि गत वर्ष रु ५५ लाख खर्च भएको छ । पर्यटन क्षेत्र संरक्षणमा रु ५० लाख, प्राकृतिक ताल संरक्षणमा रु १५ लाख र पर्यटकीय क्षेत्रमा तारजालीका लागि रु १५ लाख खर्च भएको छ । सङ्ग्रहालय, पर्यटक सूचना केन्द्र, सार्वजनिक शौचालय, विश्रामस्थल तथा पर्यटक सेवासँग सम्बन्धित पूर्वाधारमा पनि तुलनात्मक रूपमा सीमित लगानी भएको देखिन्छ ।

पर्यटन अर्थतन्त्र

पर्यटन अर्थतन्त्रको प्रभाव भवन वा संरचना बनेपछि सकिँदैन । वास्तविक प्रभाव त पर्यटक गन्तव्यमा पुगेपछि सुरु हुन्छ । होटल, होमस्टे, स्थानीय खाना, हस्तकला, यातायात, सांस्कृतिक कार्यक्रम, साहसिक गतिविधि र स्थानीय उत्पादनको बिक्रीबाट समुदायले आम्दानी गर्छ । पर्यटकको बसाइ एक दिन लम्बिँदा पनि त्यसको प्रभाव होटल व्यवसायीदेखि किसान, चालकदेखि स्थानीय उद्यमीसम्म पुग्न सक्छ ।

संस्कृतिविद् पदमराज जोशी 'प्रभात' धार्मिक तथा सांस्कृतिक सम्पदा विकासका नाममा कुलदेउता र मष्ठाजस्ता धार्मिक संरचनामा राज्यको लगानी गर्नु पर्यटन विकासको दीर्घकालीन उपाय नभएको बताउनुहुन्छ । "सरकारलाई धार्मिक क्षेत्रमा लगानी गरिरहेका छौं भन्ने लागिरहेको छ, तर त्यो अनुत्पादक छ । मष्ठा, कुलदेउताका मन्दिर कुलले नै बनाउने हो, त्यसमा राज्यको लगानी आवश्यक हो होइन सोचौं", उहाँ भन्नुहुन्छ, "राज्यले त धार्मिक पर्यटनको सम्भावना भएका प्रमुख गन्तव्यलाई केन्द्रमा राखेर पूर्वाधार र सेवा विकास गर्न सक्नुपर्छ । त्यसको लाभ ठूलो भूगोल र समुदायले लिन सक्छ ।"

मन्त्रालयको तथ्याङ्कअनुसार गत वर्ष कार्यान्वयन भएका पर्यटन क्षेत्रका कार्यक्रमबाट एक लाख ३६ हजार ३८० जनाले तत्कालका लागि प्रत्यक्ष रोजगारी पाएका छन्, तर त्यो दीर्घकालीन होइन । त्यसैले स्थायी रोजगारी सृजना, नयाँ उद्यम विकास, पर्यटकको बसाइ र स्थानीय समुदायको आम्दानी बढाउने संरचनामा लगानी गर्नुपर्ने नाट्टा सुदूरपश्चिमका अध्यक्ष सिंहको भनाइ छ ।

प्रदेश पर्यटन विकास कार्यक्रम कार्यान्वयन इकाइका प्रमुख डबलबहादुर बोहरा धेरैजसो योजना र बजेट धार्मिक मठ, मन्दिरजस्ता संरचनामा छरिँदा दिगो रोजगारी सृजना र गन्तव्य विकासमा पर्याप्त लगानी हुन नसकेको बताउनुहुन्छ । "आफ्नो आस्थाको धरोहर मष्ठा र कुलदेउताको थान बनाउन पनि सरकारकै लगानी खोज्ने प्रवृत्तिले यो समस्या देखिएको हो । हामीले चाहेर पनि त्यस्ता योजना छनोट हुने क्रमलाई रोक्न सकेका छैनौं । सबै सचेत हुनुपर्ने आवश्यकता छ", उहाँ भन्नुहुन्छ ।

सुदूरपश्चिमसँग धार्मिक सम्पदामात्रै होइन, हिमाली पर्यटन, पदयात्रा, कैलाश मानसरोवर मार्गसँग जोडिने सम्भावना र कर्णाली, महाकाली, सेतीलगायत नदीमा जलपर्यटन तथा समुदायमा आधारित होमस्टेका अनेक सम्भावना छन् ।

## सर्पको टोकाइबाट बचौं र बचाऔं

- **आफ्नो नजिक सर्पदंश उपचार केन्द्र कहाँ छ ? जानकारी राखौं,**
- **सर्पले डसेका व्यक्ति आत्तिन सक्छन्, सान्त्वना दिऔं,**
- **सर्पले डसेका व्यक्तिलाई तुरुन्त अस्पताल वा सर्पदंश उपचार केन्द्र पुर्‍याऔं,**
- **झारफूकलगायतका गलत परम्परागत उपचार विधितिर नलागौं,**
- **घरवरपरका सर्प बस्नसक्ने सम्भावित ठाउँको पहिचान गरी व्यवस्थापन गरौं,**
- **रातको समयमा बुट लगाएर टर्च लाईट बालेर हिड्ने गरौं,**
- **घरमा सर्प छिर्न सक्ने प्वालहरु बन्द गरौं,**
- **झुल लगाएर खाटमा सुत्ने गरौं ।**

**नेपाल सरकार,**
**विज्ञापन वोर्ड**

## एक वर्षमा एक करोड २० लाख बक्यौता उठ्यो

सङ्खुवासभा । नेपाल विद्युत् प्राधिकरण शाखा कार्यालय सङ्खुवासभाले उपभोक्ताबाट एक वर्षको अवधिमा रु एक करोड २० लाख सात हजार बक्यौता उठाएको छ । शाखाले आर्थिक वर्ष २०८२/८३ मा ७७१ ग्राहकबाट उक्त बक्यौता उठाएको हो ।

प्राधिकरणको खाँदबारी वितरण केन्द्रका प्रमुख रामबाबु चौधरीका अनुसार सरकारी कार्यालयबाट मात्र रु चार लाखभन्दा बढी बक्यौता उठाएको छ । प्राधिकरणले सदरमुकाम खाँदबारी आसपास र चैनपुर बजार क्षेत्रमा तथा विभिन्न उद्योगबाट बक्यौता उठाएको हो । विद्युत् बक्यौता नतिर्नेमा हाइड्रोपावर, क्रसर उद्योग र सरकारी कार्यालयले विभिन्न उद्योगसमेत रहेका छन् । विद्युत् प्राधिकरण खाँदबारी वितरण केन्द्रले आव २०८१/८२ मा रु ६६ लाख ७४ हजार बक्यौता उठाएको थियो ।

जिल्लामा ३१ हजार ५९० ग्राहक रहेको प्रमुख चौधरीले बताउनुभयो । विद्युत् चोरी जरिवाना, पुनःलाइन जडान र नयाँ ग्राहकबाट उक्त रकम सङ्कलन भएको हो । विद्युत् चोरी रोक्न कारबाहीसँगै सेवाग्राहीलाई विद्युत् चुहावट नगर्न सचेतना अभियान सञ्चालन गर्दै आइएको केन्द्रले संचारकर्मीहरु समक्ष जानकारी दिएको छ ।

जिल्लामा उत्पादित ४६ मेगावट विद्युत्मध्ये छ मेगावट मात्र खपत भएको उहाँले बताउनुभयो ।

सङ्खुवासभामा ८० प्रतिशत भूभागमा विद्युत् विस्तार भइसकेको छ । विद्युत् सेवा भरपर्दो बनाउन तुम्लिङटार र बानेश्वरमा २२० केभीको सवस्टेशन गत वर्षदेखि नै सञ्चालन भइसकेको वितरण केन्द्रले जनाएको छ ।

जिल्लाको सिलिचोङ, मकालु, भोटखोला र सभापोखरी गाउँपालिकाका केही वडामा विद्युत् सेवा विस्तार हुन बाँकी छ ।

## संविधान संशोधन गरेर आदिवासी, जनजाति अल्पसंख्यक र सीमान्तकृतका हकहितका विषय समेटिनुपर्छः नेता आङ्देम्बे

काठमाडौँ । प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेस संसदीय दलका नेता भीष्मराज आङ्देम्बेले संविधान संशोधन गरेर आदिवासी जनजाति, अल्पसङ्ख्यक र सीमान्तकृतका हकहितका विषय समेटिनुपर्ने बताउनुभएको छ ।

बत्तीसौँ विश्व आदिवासी दिवसका अवसरमा नेपाल आदिवासी जनजाति महासङ्घ, सङ्घीय परिषद् सचिवालयद्वारा आइतबार काठमाडौँको टुँडिखेलस्थित खुलामञ्चमा आयोजित मूल समारोहलाई सम्बोधन गर्दै नेता आङ्देम्बेले संविधान संशोधनका लागि सरकारले बनाएको समितिप्रति भने कांग्रेसको असहमति रहेको जानकारी दिनुभयो । विभिन्न जातजातिका नाच, झाँकी नेपालका मौलिक संस्कृति भएकाले यसलाई बचाइराख्नुपर्ने उहाँको भनाइ थियो । ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री विराजभक्त श्रेष्ठले नेपालको शक्ति विविधतामा भएकाले त्यसलाई सहिष्णुता र सामाजिक सद्भावका रुपमा बचाइराख्नुपर्ने बताउनुभयो । नेपालको मौलिक पहिचानका रुपमा रहेको भाषिक, धार्मिक र सांस्कृतिक विविधतालाई विभिन्न जातका फूलबारीका रुपमा विकास गरिनुपर्नेमा जोड दिनुभयो ।

काठमाडौँ महानगरपालिकाका कार्यवाहक नगर प्रमुख सुनिता डङ्गोलले आदिवासी जनजातिलाई सामुदायिक विकासका रुपमा अघि बढाउनुपर्ने बताउनुभयो । आदिवासी जनजातिको मौलिक संस्कृतिको संरक्षण र पुस्तान्तरणमा काम गरिनुपर्ने उहाँको भनाइ थियो ।

नेपाल कम्युनिष्ट पार्टी (एमाले) का नेता पृथ्वीसुब्बा गुरुङले आदिवासीका विषयलाई अन्तराष्ट्रीयकरण गर्नुपर्ने बताउनुभयो । नेपाली कम्युनिष्ट पार्टी ( नेकपा) का नेता सुरेश आलेमगरले आदिवासी जनजातिको हितका लागि काम गर्ने उद्देश्यले स्थापित महासङ्घले सीमान्तकृत आदिवासी जनजातिका विषय उठाउँदै आएको बताउनुभयो ।

संयुक्त राष्ट्र सङ्घीय शैक्षिक, वैज्ञानिक तथा सांस्कृतिक सङ्गठन ( युनेस्को) का नेपालस्थित प्रतिनिधि ज्याको डु टोइटले नेपालको प्रकृति, संस्कृति, सम्पदाको संरक्षणमा आदिवासी जनजातिको भूमिका महत्वपूर्ण रहेको बताउनुभयो । विश्वसम्पदा संरक्षणमा पनि पनि आदिवासी जनजातिले खेलेको भूमिका महत्वपूर्ण रहेको उहाँले बताउनुभयो । महासङ्घका अध्यक्ष निमा लामा ह्योल्मोले अन्तरराष्ट्रिय श्रम सङ्गठन (आइएलओ) महासन्धिलाई नेपालले हस्ताक्षर गरेको १९ वर्ष पूरा भए पनि अझै नेपालले कानुन नबनाएकाले त्यसतर्फ सरकारको ध्यानाकर्षण गराउनुभयो ।

## धनुषा, महोत्तरी र सर्लाहीमा भौतिक पूर्वाधार निर्माण प्राथमिकतामा

जनकपुरधाम । मधेस प्रदेशको धनुषा, महोत्तरी र सर्लाही जिल्लामा गत आर्थिक वर्ष २०८२/८३ मा ग्रामीण क्षेत्रका भौतिक पूर्वाधार निर्माणमा उल्लेखनीय प्रगति भएको छ ।

सङ्घीय सहरी विकास तथा भवन निर्माण कार्यालयका अनुसार उक्त अवधिमा विद्यालय भवन, सडक, नाला, कल्भर्ट, सामुदायिक भवनलगायत संरचना निर्माणलाई प्राथमिकताका साथ अघि बढाइएको हो ।

कार्यालयका सूचना अधिकारी एवं इन्जिनियर सुधिर साहका अनुसार तीन जिल्लामा १२ वटा विद्यालय भवन निर्माण सम्पन्न भएका छन् ।

तीमध्ये सर्लाहीमा सात तथा धनुषा र महोत्तरीमा एक/एक वटा विद्यालय भवन निर्माण भएका हुन् ।

त्यसैगरी, धनुषा, महोत्तरी र सर्लाहीमा एक/एक वटा सामुदायिक भवन निर्माण भएका छन् ।

महोत्तरीमा एउटा स्वास्थ्य भवन निर्माण सम्पन्न भएको छ भने महोत्तरीमा एउटा र सर्लाहीमा दुई वटा आपतकालीन आश्रयस्थल (इमर्जेन्सी सेल्टर) निर्माण गरिएको सूचना अधिकारी साहले जानकारी दिनुभयो । सडक पूर्वाधारतर्फ सबैभन्दा बढी प्रगति महोत्तरी जिल्लामा देखिएको छ ।

सडकको आधारभूत तह निर्माणतर्फ धनुषामा २३ हजार १८६ मिटर, महोत्तरीमा आठ हजार ७४७ मिटर र सर्लाहीमा ७०० मिटर काम भएको छ । त्यस्तै, धनुषामा तीन हजार ५९० मिटर, महोत्तरीमा आठ हजार ५८३ मिटर र सर्लाहीमा चार हजार २८ मिटर कालोपत्र सडक निर्माण भएको कार्यालयले जनाएको छ ।

सडक ढलानतर्फ धनुषामा ३३९ मिटर, महोत्तरीमा एक हजार ३४७ मिटर र सर्लाहीमा एक हजार ४११ मिटर निर्माण भएको छ । नाला निर्माणतर्फ धनुषामा पाँच हजार ३०५ मिटर, महोत्तरीमा एक हजार ५९० मिटर र सर्लाहीमा ४१० मिटर काम सम्पन्न भएको छ ।

'कम्पाउन्ड वाल' निर्माणतर्फ धनुषामा १३४ मिटर, महोत्तरीमा १६६ मिटर र सर्लाहीमा ७०० मिटर काम भएको छ । महोत्तरीमा १९६ मिटर इन्टरलक रोड ( ब्लक छापिएको बाटो) सम्पन्न भएको छ भने धनुषामा १५० मिटर पोखरीघाट निर्माण गरिएको सङ्घीय सहरी विकास तथा भवन निर्माण कार्यालयले जनाएको छ ।

धनुषा र सर्लाहीमा दुई/दुई वटा तथा महोत्तरीमा एउटा कल्भर्ट निर्माण भएका छन् । भवन निर्माण कार्यालय जनकपुरधामका प्रमुख विनोद सिंहले निरन्तर अनुगमन तथा समयमै बजेट कार्यान्वयन गरिएकाले अधिकांश कार्य निर्धारित समयमा सम्पन्न भएका बताउनुभयो ।

उहाँका अनुसार बाँकी काम पनि तोकिएको समयभित्र सम्पन्न गर्ने योजनाका साथ अघि बढाइएको छ । सडक, नाला, कल्भर्ट तथा सार्वजनिक भवन निर्माण समयमै सम्पन्न हुँदा आवागमन, शिक्षा, स्वास्थ्य तथा सामुदायिक सेवा प्रवाहमा सकारात्मक प्रभाव पर्ने अपेक्षा गरिएको स्थानीय वासीले बताएका छन् ।

## धनकुटामा विश्व आदिवासी दिवस मनाइयो

धनकुटा । विश्व आदिवासी जनजातिको ३२औँ दिवसका अवसरमा आइतबार धनकुटाको पाखिबासमा विभिन्न जात-जातिका सांस्कृतिक झाँकीसहित र्याली निकालिएको छ । नेपाल आदिवासी जनजाति महासङ्घ जिल्ला समन्वय परिषद् धनकुटाको आयोजनामा निकालिएको झाँकी तथा र्यालीमा विभिन्न जातजातिका सांस्कृतिक प्रस्तुती प्रस्तुत गरिएका छन् ।

र्याली पाखिबास बजारको परिक्रमा गरी संसारी सिमसार क्षेत्रमा पुगेर समारोहमा परिणत भएको थियो । 'प्राप्त अधिकारको रक्षा आजको आवश्यकता, पहिचानसहितको समावेशी र न्यायपूर्ण नेपाल निर्माणमा हाम्रो साझा प्रतिबद्धता' भन्ने मूल नाराका साथ आयोजित कार्यक्रममा आदिवासी जनजातिको पहिचान, अधिकार संरक्षण तथा समावेशी र न्यायपूर्ण समाज निर्माणका विषयमा जोड दिइएको थियो ।

कार्यक्रममा आदिवासी जनजातिका भाषा, संस्कृति, परम्परा र पहिचान संरक्षणसँगै प्राप्त अधिकारको रक्षा तथा थप अधिकारका लागि एकताबद्ध भएर अघि बढ्नुपर्नेमा वक्ताहरूले जोड दिनुभएको छ । साथै जल, जमिन र जङ्गलमा आदिवासी जनजातिको अग्राधिकार कायम गर्न तथा आदिवासीको स्वायत्त क्षेत्र कायम गर्न माग गरिएको थियो । यसै अवसरमा समाज तथा विभिन्न क्षेत्रमा महत्वपूर्ण योगदान पुर्याएको भन्दै ज्ञानबहादुर गुरुङ र निरोज गुरुङ, जनजाति महासङ्घ पाखिबास नगरसमन्वय समितिलाई जग्गा प्रदान गरेबापत जग्गादाता अर्जुन गुरुङ, पूर्वनगर अध्यक्ष हरिबहादुर राई र थर्कमान श्रेष्ठलाई सम्मान गरिएको थियो । सन् १९९४ डिसेम्बर २३ मा संयुक्त राष्ट्रसङ्घको साधारणसभाले अगस्ट ९ तारिखलाई विश्व आदिवासी दिवसका रूपमा मनाउने निर्णय गरेको थियो ।

## ऐतिहासिक आन्दोलनमा आदिवासी जनजाति समुदायको महत्वपूर्ण योगदानः उपराष्ट्रपति यादव

काठमाडौँ । उपराष्ट्रपति रामसहायप्रसाद यादवले नेपालका परिवर्तनकारी ऐतिहासिक आन्दोलनमा आदिवासी जनजाति समुदायको महत्वपूर्ण योगदान र बलिदान रहेको बताउनुभएको छ ।

बत्तीसौँ विश्व आदिवासी दिवसका अवसरमा नेपाल आदिवासी जनजाति महासङ्घ, सङ्घीय परिषद् सचिवालयद्वारा आइतबार काठमाडौँको टुँडिखेलस्थित खुलामञ्चमा आयोजित मूल समारोहलाई सम्बोधन गर्दै उपराष्ट्रपति यादवले आन्दोलनमा योगदान गरेकैले त्यसको मर्म संविधान र राज्य व्यवस्थामा पनि समेटिएको बताउनुभयो । नेपालको संविधानको मूल मर्म समावेशी लोकतन्त्र, सामाजिक न्याय तथा समान अवसर रहेकाले हातेमालो गरेर अघि बढ्नुपर्नेमा उहाँले जोड दिनुभयो ।

लोकतन्त्र, गणतन्त्र र सङ्घीयताको प्राप्ति आदिवासी जनजातिको अधिकार प्राप्तिको सङ्घर्षसँग गहिरो रूपमा जोडिएको उपराष्ट्रपति यादवको भनाइ थियो ।

संविधानले आदिवासी जनजाति, मधेसी, सीमान्तकृत तथा उत्पीडित समुदायको अधिकार सुनिश्चित गरिसकेकाले अब तिनको व्यावहारिक कार्यान्वयन आजको मुख्य आवश्यकता रहेको उहाँले औँल्याउनुभयो । "समावेशिता केवल नारामा सीमित नभई राज्यका नीति, योजना, स्रोत र साधनका साथै शिक्षा, स्वास्थ्य, रोजगारी र निर्णय प्रक्रियाका हरेक तहमा समानुपातिक पहुँचका रूपमा देखिनुपर्छ", उपराष्ट्रपति यादवले भन्नुभयो । सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थालाई थप सुदृढ गर्दै लैजानसके मुलुकले हरेक क्षेत्रमा सकारात्मक फड्को मार्ने विश्वास व्यक्त गर्दै उहाँले यसतर्फ सबैको ध्यान केन्द्रित हुन जरुरी रहेको बताउनुभयो ।

यस्तै, प्रकृतिसँग मिलेर बाँच्ने आदिवासी समुदायको परम्परागत ज्ञान, सीप र संस्कृति जलवायु परिवर्तन तथा वातावरणीय सन्तुलनका लागि आज विश्वकै लागि अनुकरणीय बनेको उपराष्ट्रपति यादवले उल्लेख गर्नुभयो । नयाँ पुस्ताले आफ्नो मौलिक भाषा, संस्कृति र पहिचानको संरक्षण गर्दै शिक्षा, विज्ञान र प्रविधिको आधुनिक प्रयोगमार्फत अगाडि बढ्नुपर्नेमा उहाँको जोड थियो ।

सबै जातजाति, वर्ग र समुदायको साझा प्रयासबाट मात्र नेपाल सुन्दर, शान्त र उन्नत बन्नसक्ने उल्लेख गर्दै उपराष्ट्रपति यादवले स्वदेश तथा विदेशमा रहनुभएका सम्पूर्ण आदिवासी जनजाति दिदीबहिनी तथा दाजुभाइमा हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्नुभएको छ ।

## ग्यास अभाव हुँदैन ः ग्यास उद्योग संघ

काठमाडौँ । नेपाल एलपी ग्यास उद्योग सङ्घले पछिल्लो समय ग्यासको आयात लगातार वृद्धि भइरहेकाले अनावश्यक सिलिण्डर सञ्चय 'होल्ड' नगर्न उपभोक्तामा आग्रह गरेको छ । भारतबाट सहजै एलपी ग्यासको आयात हुनुका साथै उद्योगबाट सिलिण्डर 'रिफिलिङ' (भर्ने काम) गरी निरन्तर बजारीकरण भइरहेकाले आवश्यकताभन्दा बढी ग्यास खरिद नगर्न सङ्घले सबैमा आग्रह गरेको हो ।

"उपभोक्ताले अतिरिक्त ग्यास खरिद नगर्ने हो भने अहिले देखिएको ग्यास अभावको समस्या तत्कालै समाधान हुने देखिन्छ । आगामी दिनमा पनि ग्यास आपूर्तिमा समस्या नहुने भएकाले ग्यासको अभाव देखिने सम्भावना छैन", सङ्घका अध्यक्ष दिवानबहादुर चन्दले आइतबार (हिजो) जारी गर्नुभएको विज्ञप्तिमा उल्लेख छ ।

नेपाल आयल निगमको पहलमा भारतको विभिन्न शोधनशाला (रिफाइनरी) बाट सहज रूपमा हाल एलपी ग्यासको आयात करिब १५ प्रतिशतले वृद्धि भइरहेको छ । पछिल्लो २२ दिनमा ३९ हजार ७७४ मेट्रिकटन ग्यास आयात भएको निगमले जनाएको छ । यस आधारमा चालु आवको साउनमा करिब ५५ हजार मेट्रिकटन ग्यास आयात हुने अनुमान गरिएको छ ।

गत आवको सोही अवधिमा ४४ हजार ३१८ मेट्रिकटन ग्यास आयात भएको थियो । उपभोक्तालाई बजारको मागअनुसार ग्यास उपलब्ध गराउन हरसम्भव प्रयास गरिरहेको जनाउँदै ग्यास उद्योग सङ्घले घरायसी प्रयोगकर्ता उपभोक्तालाई प्राथमिकतामा राखी ग्यास बिक्रीवितरण गर्न पनि बिक्रेतासँग आग्रह गरेको छ ।

## लामो समयदेखि पुल नबन्दा जोखिम बढ्दै

जनकपुरधाम । हुलाकी सडकअन्तर्गत जनकपुर-भिठ्ठामोड जोड्ने सडकमा पर्ने महोत्तरीको महोत्तरी गाउँपालिका-१ पर्सास्थित निर्माणाधीन कुटमेश्वरी पुल लामो समयदेखि अलपत्र हुँदा स्थानीय तथा यात्रु सास्तीपूर्ण रूपमा यात्रा गर्न बाध्य छन् । सडकको अधिकांश भाग निर्माण भइसक्दा पुल लामो समयदेखि अधुरै रहेको हो ।

यसले स्थानीयवासी, विद्यार्थी, किसान र यात्रुले दैनिक रूपमा सास्ती खेप्नुका साथै जोखिमपूर्ण यात्रा गर्न बाध्य छन् । भारतसँगको व्यापार, धार्मिक पर्यटन तथा स्थानीय आवागमनलाई सहज बनाउने उद्देश्यले निर्माण गरिएको उक्त हुलाकी सडकको अधिकांश खण्डले पूर्णता पाइसकेको छ । तर, बिग्ही खोलाको पुल निर्माणमा ढिलाइ हुँदा आवागमन जोखिमपूर्ण बन्दै गएको स्थानीय बताउँछन् ।

पुल निर्माण अधुरै रहेकाले बालुवा र माटोले बनाइएको वैकल्पिक बाटो साँघुरो र जीर्ण बन्दै गएका स्थानीय सुरेश साहले बताउनुभयो । उहाँका अनुसार सवारीसाधनको अत्यधिक चापका कारण दैनिक रूपमा घण्टौसम्म जाम हुने र वैकल्पिक बाटोका लागि बनाइएको डाइभर्सन वर्षायाममा बगाउँदा बाटो झनै जोखिमपूर्ण बन्ने गरेको छ । कतिपय अवस्थामा यात्रुले लामो दूरी घुमेर गन्तव्यमा पुग्नुपर्ने बाध्यता छ भने एम्बुलेन्स, विद्यालयका सवारीसाधन र अत्यावश्यक सेवासमेत प्रभावित हुने गरेको स्थानीय सञ्जीकुमार मिश्रले बताउनुभयो । स्थानीयले पटकपटक सम्बन्धित निकाय र निर्माण कम्पनीको ध्यानाकर्षण गराएपनि कामले अपेक्षित गति लिन नसकेको उहाँको गुनासो छ ।

सडक सञ्चालनमा आएपछि पुल पनि छिट्टै तयार हुने अपेक्षा गरिए पनि निर्माणले गति लिन नसक्दा नागरिकमा निराशा बढेको छ । उक्त पुल निर्माणका लागि विसं २०७९ फागुनमा रामजानकी निर्माण सेवा जनकपुरधामले रु २० करोड सम्झौता गरेको थियो । हुलाकी राजमार्ग निर्देशनालय आयोजना कार्यालय जनकपुर धामका अनुसार पछिल्लो पटक २०८३ साउन ११ गतेमा सम्पन्न गर्ने गरी म्याद थप भएपनि हालसम्म करिब ५० प्रतिशत मात्र काम भएको छ । बजेट अभावका कारण पुल निर्माणमा ढिलाइ भएको आयोजना कार्यालयका प्रमुख कृष्णकुमार महतोले बताउनुभयो । उहाँका अनुसार निर्माण व्यवसायीले काम गरिहेकाले केही महिनाका लागि पुनः म्याद थप गरेर तीव्रता दिने तयारी भइरहेको छ ।

प्रत्यूष
National Daily राष्ट्रिय दैनिक

### स्टेरिङमै रोकिएको एउटा जीवन, सुरक्षित बने १८ यात्रुका गन्तव्य

# असहज महसुस भएपछि समयमै सवारी रोकेका चालक मिननारायण श्रेष्ठ आफैं भने फर्किन सकेनन्

*प्रत्यूष समाचारदाता*

धादिङबेशी। धादिङबेसीबाट चैलिङतर्फ उकालो चढिरहेको ईभी हाइस आफ्नो सामान्य गतिमा थियो। गाडीभित्र १८ जना कानून व्यवसायी थिए। उनीहरू नेपाल बार एसोसिएसन धादिङको साधारण सभामा सहभागी हुन बेनिघाट रोराङ गाउँपालिका-८ स्थित चैलिङ सामुदायिक होमस्टेतर्फ जाँदै थिए।

यात्रा सामान्य थियो। यात्रुहरू गन्तव्य नजिकिँदै गएको अनुभूतिमा थिए। अगाडिको स्टेरिङमा थिए–सिद्धलेक गाउँपालिका-३ निवासी ५० वर्षीय चालक मिननारायण श्रेष्ठ। तर चैलिङ नजिकै बिदाङ पुगेपछि केही क्षणमै यात्राको दृश्य बदलियो। श्रेष्ठले होमस्टेतर्फ जाने बाटो सोधे। स्थानीयबाट बाटो सहज रहेको जानकारी पाएपछि उनले सवारी अगाडि बढाए। करिब ५० मिटर मात्र पुगेका थिए, अचानक शरीरले साथ दिन छाडेको महसुस भयो। त्यस क्षण उनले एउटा निर्णय गरे–गाडी अगाडि बढाएनन्। तत्काल रोके।

त्यो निर्णय केही सेकेन्ड ढिलो भएको भए के हुन्थ्यो भन्ने अनुमान मात्र गर्न सकिन्छ। तर एउटा तथ्य स्पष्ट छ–चलिरहेको सवारी रोकियो र त्यसमा सवार सबै १८ जना सुरक्षित रहे। **'के भयो ?' भन्दा चालकको टाउको लत्रियो।** सवारी रोकिनासाथ नेपाल बार एसोसिएसन धादिङका अध्यक्ष टंककुमार श्रेष्ठले चालकलाई सोधे, "के भयो ?" उत्तर आउन सकेन। चालकको टाउको सिटबाट लत्रियो। केही क्षणअघि स्टेरिङ समातिरहेका हात शिथिल भए। गाडीभित्रको सामान्य वातावरण एकाएक त्रास, अन्योल र चिन्तामा बदलियो। सवारीमा रहेका कानून व्यवसायीहरू तत्काल सक्रिय भए। चालकलाई सिटबाट बाहिर निकालियो। स्थानीयहरू पनि जम्मा भए। नजिकको स्वास्थ्य चौकीमा खबर गरियो। बिदाङ बजारका स्थानीय र कानून व्यवसायीहरूले आफूले जानेसम्मको प्राथमिक सहायता दिने प्रयास गरे। केहीबेरपछि स्वास्थ्यकर्मी घटनास्थलमा पुगे। उनीहरूले छाती थिचेर र कृत्रिम श्वासप्रश्वासमार्फत श्रेष्ठलाई बचाउने प्रयास गरे।

एम्बुलेन्स पनि आयो। उनलाई तत्काल अस्पताल पुर्‍याइयो। तर अस्पताल पुगेपछि चिकित्सकले उनलाई मृत घोषणा गरे। केही समयअघिसम्म १८ जना यात्रुको गन्तव्य सुनिश्चित गर्न स्टेरिङ समातिरहेका श्रेष्ठको आफ्नै यात्रा भने त्यहीँ टुंगियो।

**अन्तिम क्षणको निर्णय** : कानून व्यवसायी दिनेश दुवाडीका अनुसार श्रेष्ठले आफूलाई असहज महसुस हुनासाथ सवारी रोकेका कारण सम्भावित दुर्घटना टरेको हो।

चलिरहेको सवारीमा चालकको स्वास्थ्य अचानक गम्भीर बन्नु आफैंमा ठूलो जोखिम हो। त्यसमाथि पहाडी क्षेत्रको सडक, मोड र उकालो-ओरालो भएको अवस्थामा चालकले नियन्त्रण गुमाए गम्भीर दुर्घटना हुन सक्छ। तर श्रेष्ठले आफ्नो शरीरमा आएको असहजता बुझ्नासाथ सवारी अगाडि बढाएनन्। उनको त्यो निर्णयले घटनालाई सडक दुर्घटनामा परिणत हुन दिएन। "आफ्नो ज्यानभन्दा यात्रुको सुरक्षालाई प्राथमिकता दिएका श्रेष्ठको अन्तिम निर्णयले सम्भावित ठूलो मानवीय क्षति टारेको हो," दुवाडीले बताएका छन्।

यो भनाइ केवल भावनात्मक श्रद्धाञ्जली मात्र होइन, घटनाक्रमसँग जोडिएको वास्तविकता पनि हो। चालकले गाडी रोकेपछि मात्र उनको स्वास्थ्य अवस्था गम्भीर बनेको थियो। त्यसैले सवारीमा रहेका सबै यात्रु सुरक्षित रहन सके।

**स्टेरिङसँग जोडिएको जीवन**

पेसागत चालकका लागि स्टेरिङ केवल गाडी चलाउने साधन होइन। त्यससँग यात्रुका जीवन, परिवारका प्रतीक्षा र गन्तव्यका अनेक कथा जोडिएका हुन्छन्।

चालकले प्रत्येक यात्रामा आफ्ना यात्रुलाई एउटा ठाउँबाट अर्को ठाउँसम्म पुर्‍याउने जिम्मेवारी बोकेको हुन्छ। सडकमा यात्रुहरूले चालकको सीप, सतर्कता र निर्णयमा भरोसा गरेका हुन्छन्। शनिबारको त्यो यात्रामा पनि १८ जना कानून व्यवसायीले श्रेष्ठमाथि त्यही भरोसा गरेका थिए। धादिङबेसीबाट सुरु भएको यात्रामा उनी सामान्य अवस्थामा थिए। कुनै अस्वाभाविक परिस्थिति देखिएको थिएन। तर बिदाङ पुगेपछि शरीरमा आएको अचानक समस्याले केही क्षणमै अवस्था फेरियो। त्यही कठिन क्षणमा उनले स्टेरिङ नियन्त्रणमै राखे र गाडी रोके।

विडम्बना यही रह्यो–जसले अरूलाई सुरक्षित रूपमा गन्तव्यतर्फ लगिरहेका थिए, उनी आफैं त्यो यात्राको अन्तिम गन्तव्यसम्म पुग्न सकेनन्।

**जीवन जोगाउने प्रयास**

श्रेष्ठको स्वास्थ्य अवस्था बिग्रिएपछि घटनास्थलमा भएका मानिसले उनलाई बचाउन सक्दो प्रयास गरे। कानून व्यवसायी, स्थानीय बासिन्दा र स्वास्थ्यकर्मी सबै जोडिए। प्राथमिक सहायता दिइयो। स्वास्थ्यकर्मीले पुनर्जीवनका लागि प्रयास गरे। एम्बुलेन्समार्फत अस्पताल लगियो। तर ती सबै प्रयास सफल हुन सकेनन्। श्रेष्ठलाई हृदयघात भएको प्रारम्भिक जानकारी आएको छ। यद्यपि उनको मृत्युको आधिकारिक कारण स्पष्ट भइसकेको छैन। त्यसैले चिकित्सकीय पुष्टि नभएसम्म मृत्युको कारणबारे निष्कर्ष निकाल्न मिल्दैन। तर घटनाले एउटा विषय भने स्पष्ट रूपमा सतहमा ल्याएको छ– चालकको स्वास्थ्य र सडक सुरक्षाबीचको प्रत्यक्ष सम्बन्ध।

लामो समय स्टेरिङमा बस्ने चालकको शारीरिक अवस्था, नियमित स्वास्थ्य परीक्षण र आकस्मिक स्वास्थ्य समस्याका संकेत पहिचान गर्ने क्षमता यात्रु सुरक्षासँग समेत जोडिएको विषय हो।

**१८ जना साक्षी बनेको त्यो क्षण**

उक्त ईभी हाइसमा नेपाल बार एसोसिएसन धादिङका अध्यक्ष टंककुमार श्रेष्ठसहित रामचन्द्र भट्ट, रामकृष्ण अधिकारी, खिल गिरी, विश्वराज अधिकारी, गोपी अर्याल, अम्बिका घिमिरे, दिनेश दुवाडी, विनोदमान श्रेष्ठ, पुष्पविक्रम मल्ल, विष्णुकुमार श्रेष्ठ, दीपक सेन, मेघनाथ दुवाडी, कुलमान विक, कृष्णराज अधिकारी, मञ्जु बस्नेत, रविना पौडेल र शोभा श्रेष्ठ सवार थिए।

उनीहरूका लागि त्यो यात्रा अब सामान्य कार्यक्रमतर्फको यात्रा रहेन। आफ्नै अगाडि केही क्षणअघि गाडी चलाइरहेका व्यक्तिको जीवन अचानक समाप्त भएको दृश्य उनीहरूका लागि गहिरो स्मृतिका रूपमा रहनेछ। श्रेष्ठको निधनपछि नेपाल बार एसोसिएसन धादिङका कानून व्यवसायी तथा शुभेच्छुकहरूले दुःख व्यक्त गर्दै श्रद्धाञ्जली दिएका छन्।

**गाडी रोकियो, तर कथा बाँकी रह्यो**

बिदाङको त्यो सडकमा एउटा ईभी हाइस रोकिएको थियो। बाहिरबाट हेर्दा त्यो केवल रोकिएको गाडी देखिन्थ्यो। तर त्यसभित्र केही क्षणअघि जीवन र मृत्युबीचको एउटा निर्णायक क्षण बितिसकेको थियो। श्रेष्ठले सम्भवतः आफ्नो अन्तिम सचेत निर्णयका रूपमा सवारी रोके। त्यसपछि उनी फेरि स्टेरिङ समात्न सकेनन्। तर उनले रोकेको त्यो सवारीभित्रका १८ जना यात्रु भने सुरक्षित रहे।

कुनै चालकको पेसागत जिम्मेवारीबारे बयान गर्न ठूलठूला शब्द आवश्यक नपर्न सक्छन्। कहिलेकाहीँ केही सेकेन्डमा गरिएको एउटा सही निर्णय नै जिम्मेवारीको सबैभन्दा गहिरो परिचय बन्छ। मिननारायण श्रेष्ठको जीवनको अन्तिम यात्रामा त्यस्तै एउटा निर्णय देखियो–आफूलाई असहज महसुस हुँदा गाडी रोक्ने निर्णय। स्टेरिङमा उनको यात्रा रोकियो, तर त्यो क्षणले सुरक्षित रहेका १८ यात्रुको स्मृतिमा उनको नाम लामो समयसम्म बाँकी रहनेछ।

# अस्पतालको भवन तयारः उपकरण र जनशक्तिको व्यवस्थापनपछि सञ्चालन हुने

लमजुङ। लमजुङको मर्स्याङ्दी गाउँपालिका-७ ङादीमा १० शैयाको नवनिर्मित आधारभूत अस्पताल सञ्चालनको तयारी पूरा भएको छ। भवन निर्माण सम्पन्न भए पनि अस्पताललाई तोकिएको क्षमताअनुसार सञ्चालन गर्न आवश्यक स्वास्थ्य उपकरण तथा जनशक्ति व्यवस्थापन गर्नुपर्ने अवस्था गाउँपालिकाले जनाएको छ।

सरकारको 'एक स्थानीय तह, एक आधारभूत अस्पताल' कार्यक्रमअन्तर्गत निर्माण गरिएको अस्पताल भवन केही साताअघि सम्पन्न भई गाउँपालिकालाई हस्तान्तरण गरिएको हो। आर्थिक वर्ष २०७७/७८ मा काम सुरु भएको भवन रु छ करोड १८ लाख ७९ हजार ४८१ को लागतमा निर्माण गरिएको हो।

दुईतले आरसिसी भवनमा उपचार कक्ष, शौचालय, विद्युत् तथा खानेपानी लगायत आवश्यक भौतिक पूर्वाधार निर्माण गरिएको छ। भवनको जिम्मा पाएको शृङ्खला निर्माण सेवा प्रालि बिदुर नगरपालिका-४ (नुवाकोट)ले निर्माण सम्पन्न गरी गाउँपालिकालाई हस्तान्तरण गरिसकेको छ।

अस्पताल सञ्चालनका लागि दुई चिकित्सकसहित २२ जनाको दरबन्दी कायम गरिएको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत विज्ञान पौडेलले जानकारी दिनुभयो। चिकित्सक, स्वास्थ्यकर्मी, प्रयोगशाला, फार्मेसी तथा प्रशासनतर्फका कर्मचारीको दरबन्दी रहे पनि आवश्यकताअनुसार थप जनशक्ति करार सेवाबाट व्यवस्थापन गरिने उहाँले बताउनुभयो। अस्पताल सञ्चालनका लागि आवश्यक स्वास्थ्य उपकरण तथा अन्य सामग्री व्यवस्थापन गर्न सङ्घ र प्रदेश सरकारसँग माग गरिएको प्रशासकीय अधिकृत पौडेलले बताउनुभयो। आवश्यक उपकरण तथा स्रोतसाधन उपलब्ध भएपछि अस्पताललाई निर्धारित सेवा र क्षमता अनुसार सञ्चालन गर्न सहज हुने गाउँपालिकाको भनाइ छ।

गाउँपालिकाका अध्यक्ष अर्जुन गुरुङले अस्पताल सञ्चालनमा आएपछि स्थानीयवासीले आधारभूत स्वास्थ्य सेवा, आकस्मिक सेवा तथा दन्त उपचार सेवा स्थानीयस्तरबाटै प्राप्त गर्ने बताउनुभयो। जटिल प्रकृतिका बिरामीलाई भने आवश्यकता अनुसार सुविधा सम्पन्न अस्पतालमा पठाइने उहाँले जानकारी दिनुभयो।

गाउँपालिकाले यही साउन अन्त्यसम्म अस्पताल सञ्चालनमा ल्याउने तयारी गरेको छ। हाल वडा नं ७ मा सञ्चालन हुँदै आएको स्वास्थ्य चौकीलाई साउन महिनाभित्रै नयाँ अस्पताल भवनमा स्थानान्तरण गरी सोही भवनबाट स्वास्थ्य सेवा प्रवाह गर्ने तयारी गरिएको गाउँपालिका कार्यालयले जनाएको छ। दश शय्याको अस्पताल सञ्चालनका लागि भवन, दरबन्दी तथा आधारभूत पूर्वाधार तयार भए पनि आवश्यक उपकरण र स्रोतसाधनको व्यवस्थापन पूरा गर्नुपर्ने भएकाले अस्पताललाई तोकिएको क्षमताअनुसार सञ्चालन गर्न चुनौती रहेको गाउँपालिकाले जनाएको छ। आवश्यक व्यवस्था पूरा भएमा मर्स्याङ्दी गाउँ पालिकाका नागरिकले आधारभूत स्वास्थ्य सेवा, आकस्मिक तथा दन्त उपचारका लागि अन्यत्र जानुपर्ने बाध्यता कम हुने अपेक्षा गरिएको छ।

# सहिद स्मारकमा जातीय संग्रहालय

बागमती। मुलुकका विभिन्न जातजातिको मौलिकता संरक्षण गर्न हेटौंडा उपमहानगरपालिका-११ स्थित सहिद स्मारकमा जातीय सङ्ग्रहालय निर्माण भएको छ।

विश्व आदिवासी जनजाति दिवसका अवसरमा आइतबार सहिद स्मारक विकास समितिका अध्यक्ष एवं बागमती प्रदेशका पूर्वमुख्यमन्त्री डोरमणि पौडेलले सङ्ग्रहालयको उद्घाटन गर्नुभयो। उहाँले सबै जातजातिका मौलिकताबारे जान्न जिज्ञासुहरूलाई सङ्ग्रहालयले योगदान गर्ने बताउनुभयो। सङ्ग्रहालयलाई अझ व्यवस्थित गरिने पनि उहाँले बताउनुभयो। आदिवासी जनजाति महासङ्घका अध्यक्ष जङ्गबहादुर गुरुङले सङ्ग्रहालयलाई सबै नेपालीको साझा गन्तव्य बनाउने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

त्यस अवसरमा जिल्ला समन्वय समितिका प्रमुख ललित घलान , हेटौंडा उपमहानगरपालिकाका प्रमुख मीना लामा, स्मारक विकास समितिका उपाध्यक्ष रामेश्वर राना, हेटौंडा उपमहानगरपालिका-११ का वडा अध्यक्ष जुना दाहाल, तामाङ घेदुङ सङ्घका अध्यक्ष आत्माराम तामाङलगायत वक्ताले आफ्नो मौलिक पहिचान जोगाउन आ-आफ्नो क्षेत्रबाट योगदान गर्नुपर्नेमा जोड दिनुभयो।

कार्यक्रममा तामाङ र सुनुवार जातिका मौलिक नृत्य प्रस्तुत गरिएको थियो भने वनकरिया समुदायका तर्फबाट बाँसको मादल बजाइएको थियो। साथै, सङ्ग्रहालयको निर्माणमा सहयोग गरेका आदिवासी जनजाति संस्थालाई सम्मानपत्र प्रदान गरिएको थियो। कार्यक्रममा दिइएको जानकारीअनुसार हाल सङ्ग्रहालयमा १४ जातजातिका मौलिक सामग्री राखिएका छन् भने भविष्यमा त्यहाँ २७ जातजातिका मौलिकता झल्किने मालसामान राख्ने तयारी छ। सङ्घ सरकार र सहिद स्मारकको संयुक्त लगानीमा रु चार करोडको लागतमा सङ्ग्रहालय निर्माण गरिएको हो।

# गोसाइँकुण्डमा जनैपूर्णिमा मेलाको तयारी

रसुवा। जिल्लाको प्रख्यात तीर्थस्थल गोसाइँकुण्डमा हरेक वर्ष जनैपूर्णिमाका दिन लाग्ने मेलालाई लक्षित गरी तीव्र गतिमा तयारी थालिएको छ।

आगामी भदौ १२ गतेको मेलाका निम्ति यहाँका होटल व्यवसायीले प्रतीक्षालय, शौचालय निर्माणका साथै आवास व्यवस्थापन तथा दाल, चामल, तेल, नुन तथा मसलालगायत खाद्य सामग्री ढुवानी गरिरहेका छन्।

गोसाइँकुण्ड मार्ग होटल व्यवसायी सङ्घका अध्यक्ष रेन्जन निमा तामाङका अनुसार खन्ती देउराली, डिम्सा, चन्दनबारी, लौरीविनायक हुँदै गोसाइँकुण्ड सम्मका २५ भन्दा बढी होटलले तयारी तीव्र गतिमा गरिरहेका छन्। तीर्थयात्रीलाई आवासको असुविधा नहोस् भन्ने उद्देश्यले दुई सयभन्दा बढी थर्पु (टहरा) निर्माण भइरहेका छन्। यसैबीच, लाङ्टाङ राष्ट्रिय निकुञ्जले हरेक थर्पुमा शौचालयको प्रबन्ध गर्न होटल व्यवसायीलाई अनुरोध गरेको छ। एतिहासिक गोसाईकुण्ड मेलामा पुर्णिमामा हजारौं भक्तजनहरुको उपस्थिति रहने गरेको आयोजकले जानकारी दिएको छ।

# अदुवाको आकर्षक मूल्य, खेती विस्तार हुँदै

इलाम। माङसेबुङ गाउँपालिका-२ का किसान अदुवाखेतीबाट राम्रो आम्दानी गर्न थालेका छन्। स्थानीय किसान देशराज लिम्बूले गत वर्ष पाँच रोपनीमा लगाएको अदुवाबाट ९० मन उत्पादन गरी रु तीन लाख १५ हजार आम्दानी गर्नुभयो। उहाँले २० मन बीउका लागि राखेर बाँकी अदुवा प्रतिमन रु चार हजार ५०० सम्ममा बिक्री गर्नुभएको थियो। यस वर्ष पनि २० मन बीउ रोप्नुभएका लिम्बूले उत्पादन र मूल्य राम्रो भए रु पाँच लाखभन्दा बढी आम्दानी गर्ने लक्ष्य राख्नुभएको छ। सोही ठाउँका किसान राजकुमार राईले पनि गत वर्ष ५० मन अदुवा प्रतिमन रु चार हजारका दरले बिक्री गरी रु दुई लाखभन्दा बढी आम्दानी गर्नुभयो। उहाँले यस वर्ष खेती विस्तार गर्दै २० मन अदुवा रोप्नुभएको छ। राईका अनुसार अदुवाबाट हुने आम्दानीले परिवारको घरखर्च र छोराछोरीको पढाइ खर्च धान्न सहयोग पुगेको छ। खेती विस्तारसँगै आगामी वर्षदेखि केही रकम बचतसमेत गर्न सकिने उहाँको अपेक्षा छ।

प्रत्युष नेटवर्क प्रा.लि द्वारा प्रकाशित तथा मुद्रित
कार्यालयःनीलकण्ठ न.पा–३, सुगमटोल, धादिङबेसी, कार्यालय फोन ०१०–५२१४३०, ०१०–५९०४३०
सम्पादक : रमेश अधिकारी, Email : pratyushdainik@gmail.com,Website: epratyush.com